# माछापालन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

(पहिलो संशोधनः २०८०/१०/२९)

**प्रस्तावना**

कावासोती नगरपालिकाबाट यस क्षेत्रभित्रका विपन्न तथा उद्यमशील कृषकहरुलाई स्वीकृत बजेटको परिधि भित्र रही अनुदान समेतको व्यवस्था गरी मत्स्यपालन उद्यम लाई व्यवसायिक बनाउदै उनीहरुको जीवनस्तर क्रमशः अभिवृद्धि गर्दै जाने र  माछा उत्पादनमा आत्मनिर्भर गराउन वाञ्छनीय भएकाले,

कावासोती नगरपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ दफा ४(१) बमोजिम कावासोती नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरि लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "माछापालन अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७६" रहेको छ ।

ख) यो कार्यविधि कावासोती नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "नगरपालिका" भन्नाले कावासोती नगरपालिकालाईसम्झनु पर्छ ।

ख) "माछा पालन" भन्नाले व्यवसायिक रुपमा विभिन्न जातका माछाहरुलाई व्यवसायिक तथा वैज्ञानिक किसिमले पानीको नियन्त्रित वातावरणमा हुर्काउनुलाई बुझाउछ ।

ग) "व्यवसायिक माछापालक कृषक" भन्नाले कम्तीमा पनि १० कठ्ठा जग्गामा माछापालन गर्ने कृषक बुझ्नु पर्दछ ।

घ) "माछापालन कृषक समूह" भन्नाले माछापालक कृषकहरु मिली नगरपालिकामा सुचिकृत समूह बुझ्नु पर्दछ ।

*ङ) "लागत सहभागिता" भन्नाले  सहभागि कृषक, फर्म, कृषक समुह र सहकारीले बेहोर्ने कार्यक्रम अनुसारको रकम भनि सम्झनु पर्छ ।

*च) "शाखा" भन्नाले पशुपन्छी विकास शाखा भनि बुझ्नु पर्दछ ।

३. कार्यक्रमका उद्देश्यहरूः

यस कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन् ।

क) माछाको उत्पादनको वृद्धि गरी आन्तरिक उपभोगमा वृद्धि गराउने तथा रोजगारी सिर्जना गराउने ।

ख) माछापालन व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथा उपकरणमा अनुदान प्रदान गर्ने ।

---

*पहिलो संशोधनद्धारा संशोधित

ग) माछापालन गर्न इच्छुक तर निम्न आयस्रोत भएका कृषक/समुहहरुलाई नयाँ प्रविधि दिई त्यस व्यवसाय प्रती आर्कषण बढाउने ।

घ) माछापालन सम्बन्धी नविनतम प्रविधीको विकास गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन विधि

४. कार्यक्रम सञ्चालन यस कार्यविधि अनुसारको कार्यक्रम कावासोती नगरपालिकाले गर्नेछ ।

५. सूचना प्रकाशन

क) यस कार्यविधि अनुरूप माछा उत्पादन गर्ने कार्यका लागि सहयोग पुर्याउन अनुदान दिने उद्धेश्यले कावासोती नगरपालिकाले अनुसूची–१ अनुसारको १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन भए अनुरूप आबेदकले दफा (६) बमोजिमका सबै कागजातहरू संलग्न गरी आवेदन कावासोती नगरपालिकाको कार्यालयमा दर्ता गर्न सक्नेछन् ।

६. आवेदन दिन आवश्यक योग्यता र पेश गर्नुपर्ने कागजातहरू यस कार्यविधि अनुरूप कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको सबै योग्यता पुगेका आवेदकहरूले अनुसूची–२ बमोजिम आवेदन दिन सक्नेछन् ।

क) यस कार्यक्रमका लागि तोकिएका स्थानमा कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक, फर्म, समूह, सहकारीले आवेदन दिन सक्नेछन् ।

ख) आवेदक कानुन बमोजिम नगरपालिकामा दर्ता भई स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ ।

ग) आवेदकले यो कार्यक्रम सञ्चालन हुने क्षेत्रमा कानुनत दर्ता नभई कार्यरत भएको अवस्थामा सूचना प्रकाशन पश्चात पनि दर्ता भई आवेदन दिन सक्नेछन् ।

घ) सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र समावेश गरेको हुनुपर्नेछ ।

ङ) अनुसूची ३ मा उल्लेख भए अनुसारको व्यावसायिक योजना प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

७. सञ्चालन गर्न सकिने कार्यक्रमहरू

क. कृषकलाई भौतिक सामाग्री अनुदान उपलब्ध गराउन सकिने

*१) समितिको सिफारिशमा छनोट भएका कृषकलाई व्यवसायिक मत्स्य पालनमा अभिप्रेरित गर्न स्वीकृत बजेटको परिधिभित्र रही देहायमा उल्लिखित कुनै एक वा एकभन्दा बढी भौतिक सामाग्रीहरुको लागत अनुमानको बढीमा पचास प्रतिशतसम्म सामाग्री अनुदान कार्यालयले उपलब्ध गराउन सक्नेछ –

क) पेलेट दाना

२) उपनियम (१) बमोजिम उपलब्ध गराइने अनुदानका लागि कृषकले लागत अनुमानको कम्तीमा पचास प्रतिशत रकम कार्यालयले तोकेको बैंक खातामा जम्मा गरि सोको सक्कलै भौचर पेश गरे पश्चात मात्र कार्यक्रम सम्झौताको कार्य अघि बढाइनेछ ।

---

* पहिलो संशोधनद्धारा संसोधित ।

३) उपनियम (२) मा उल्लिखित व्यवस्था बमोजिम कुनै कृषक सम्झौता गर्न नआएमा सम्बन्धित कार्यक्रमको वैकल्पिक सुचीमा रहेका कृषकलाई माथि उल्लिखित प्रावधान बमोजिम सम्झौताका लागि सूचना जारी गरिनेछ ।

४) उपनियम (१) तथा (२) बमोजिम रकम जम्मा गरे पश्चात् कार्यालयले सम्बन्धित माछा विज्ञ/प्राविधिकबाट तयार भएको स्पेशिफिकेसन/ लागत अनुमान बमोजिम सामाग्री खरिदको कार्य प्रचलित संघीय सार्वजनिक खरिद ऐनमा उल्लिखित खरिद प्रकृयाको अवलम्बन गरी अघि बढाईनेछ ।

५) वस्तुगत सामाग्री खरिद तथा नयाँ माछा पोखरी विस्तारमा दुई दशमलव पाँच प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टा गरी कार्यक्रम सञ्चालनसँग सम्बन्धित प्राविधिक तथा प्रशासनिक कार्यमा खर्च गरिनेछ ।

♣६) माछापालक किसानहरुको मागका आधारमा बजेटको परिधिभित्र रहि माछाको भूरा शत प्रतिशत अनुदानमा शाखाले किसानलाई उपलब्ध गराउने छ सो कार्यका लागि आवश्यक सामाग्री( प्लाष्टिक, अक्सिजन आदि) र ढुवानी व्यवस्था विनियोजित बजेटबाट गर्न सकिनेछ।

ख) नयाँ माछा पोखरी क्षेत्र विस्तार गर्न अनुदान उपलब्ध गराउन सकिने

*१) समितिले छनोट गरेका नयाँ कृषकहरुका लागि स्वीकृत बजेटको परिधि भित्र रही नयाँ माछा पोखरी क्षेत्र विस्तार गर्न समितिको सिफारिशमा कार्यालयले बढीमा प्रति कठ्ठा विस हजार रुपैंया वा संघ वा प्रदेशको मापदण्ड अनुसार अनुदान उपलब्ध गराउन सक्नेछ । यसरी अनुदान उपलब्ध गराउँदा कम्तीमा तीन कठ्ठा र बढीमा बिस कठ्ठा क्षेत्रफलको जग्गामा मात्र पोखरी विस्तार गर्न अनुदान उपलब्ध गराईनेछ ।

२) उपनियम (१) बमोजिमको अनुदान उपलब्ध गराउँदा सकभर प्रत्येक वडाबाट दामासाहीका दरले कृषक समेट्ने गरी समितिले अनुदान सिफारिशको व्यवस्था मिलाउनु पर्नेछ ।

*३) नयाँ माछा पोखरी क्षेत्र विस्तार गर्न अनुदानका लागि छनोट भएका कृषकले पोखरी विस्तारको शत् प्रतिशत कार्यसम्पन्न गरेको भनी  शाखामा निवेदन पेश गरेपछि दफा ८ बमोजिमको प्राविधिक तथा मुल्याँकन समितिले सिफारिश गरेमा मात्र कार्यालयले उपनियम (१) बमोजिमको अनुदान उपलब्ध गराउनेछ ।

८. प्राविधिक तथा मूल्याङ्कन समिति

क) यस कार्यविधि अनुसारको कार्यक्रम सञ्चालन गर्न नगरप्रमुखको संयोजकत्वमा प्राविधिक तथा मूल्याङ्कन समिति रहनेछ ।

*नगरप्रमुख वा निजको अनुपस्थितिमा नगर उपप्रमुख संयोजक

| | |
|---|---|
| नगरउपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |

---

* पहिलो संशोधनद्धारा संसोधित ।

♣ पहिलो संशोधनद्धारा थप गरिएको ।

| | |
|---|---|
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| कृषि विकास उपशाखा प्रमुख | सदस्य |
| पशुपन्छी विकास शाखा प्रमुख | सदस्य सचिव |

ख) सञ्चालित कामको अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने तथा अनुदान रकमको दुरूपयोग गर्ने अनुदानग्राहीलाई कारबाहीको लागि सिफारिस गर्ने कार्य समेत समितिले गर्नेछ।

ग) समितिले आफ्नो बैठकमा बढीमा दुई जना विषयसँग सम्बन्धीत विज्ञ वा व्यक्तिलाईं आमन्त्रण गर्न सक्नेछन्।

## परिच्छेद ३

## सम्झौता र अनुदान रकमको सीमा

९. दफा ८ बमोजिम छनोट तथा स्वीकृत भएका अनुदानग्राही बीच नगरपालिकाले अनुसूची ४ बमोजिमको द्विपक्षीय सम्झौता गर्नेछ।

१०. यस कार्यविधि अनुसारका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नका लागि दफा ७ मा व्यवस्था भए बमोजिमको अनुदान रकम उपलब्ध गराईनेछ।

११. अनुदान प्रवाह विधि

क) अनुदान प्रवाह अधिकतम तीन किस्तामा उपलब्ध गराइनेछ। अनुदान रकम उपलब्ध गराउंदा कार्यक्रम सञ्चालन गर्ने कार्यालयको सम्बन्धीत विषयको प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन, कार्य प्रगति, रनिङ बिलका आधारमा गरिनेछ।

ख) प्रत्येक किस्तामा अनुदान रकम एकाउण्ट पेय चेक मार्फत उपलब्ध गराइनेछ। अन्तिम किस्ता सम्पूर्ण कार्य सकेपछि प्राविधिक तथा मूल्याङ्कन समितिको सिफारिस, आवश्यक प्रमाणित बिल भरपाईका आधारमा उपलब्ध गराइनेछ।

ग) यस कार्यविधि अनुरूप उपलब्ध हुने अनुदान सहयोग अभिलेखिकृत राखिनेछ।

१२. अनुदानग्राहीले पालना गर्नुपर्ने अन्य कुराहरू

क) यस कार्यविधि अनुसारका कार्यक्रमहरू सञ्चालन गर्नका लागि सम्बन्धीत अनुदानग्राहीले सम्बन्धीत काम र अनुदानको प्रकृति अनुसार आफ्नो लागत साझेदारी अनिवार्य गर्नुपर्नेछ।

ख) संस्थाले गर्नु पर्ने हरेक पत्राचारसँग संस्थाको बैठकको निर्णय प्रतिलिपि संलग्न हुनु पर्नेछ।

ग) संस्थाले कार्यक्रम सञ्चालन भएको दर्शाउने साइन बोर्ड लगाउनु पर्नेछ।

## परिच्छेद ४
## अनुगमन र विविध

१३. *अनुगमन तथा मूल्याङ्कनः कावासोती नगरपालिकाको पशुपन्छी हेर्ने शाखाले सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा निरीक्षण गर्नेछ।

१४. यस कार्यविधिमा उल्लेख भएका व्यहोराहरू यसै बमोजिम र नभएका सर्त वा व्यहोराहरू प्रचलित कानुन बमोजिम हुनेछ।

१५. यस कार्यविधिमा उल्लेखित अनुदान सहयोग सुविधा प्रदान गर्दा वार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेटको परिधिभित्र रही प्राथमिकताको आधारमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१६. यस कार्यविधिको व्याख्यामा कुनै द्विविधा भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ।

१७. यो कार्यविधि नगरपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

---

* पहिलो संसोधनद्धारा संसोधित।

## अनुसूची – १

## माछापालन अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७६ को प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**सूचना । सूचना ।। सूचना ।।।**

यस कार्यालयको आ.व. २०..../..../....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार माछापालन नयाँ पोखरी निमार्ण सम्बन्धी कार्यक्रमको माध्यमबाट कृषि विकासको प्रवद्र्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक, समूह, सहकारीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र कावासोती नगरपालिकामा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरू संलग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरीन्छ ।

तपसिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।

२. अनुसूची ३ अनुसारको सङ्क्षिप्त कार्य योजना ।

३. नेपाली नागरीकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरू ।

## अनुसूची – २

## माछापालन अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७६ को अनुदान प्राप्त गर्नलाई दिईने आवेदन पत्रको ढाँचा

श्री शाखा प्रमुख ज्यू

पशुपन्छी विकास शाखा

कावासोती नगरपालिका

विषयः अनुदान सहयोग कार्यक्रम उपलब्ध गराईदिने बारे ।

प्रस्तुत विषयमा ताँहा कार्यालयको मिति ………………. गते प्रकाशित सूचना बमोजिम मत्स्य पालन व्यवसायको लागि तालिम लगायतका सामाग्री अनुदान कार्यक्रममा सहभागी हुन देहाय बमोजिम रीतपुर्वकको फाराम भरी स्वीकृत कार्यविधि बमोजिम हुनेगरी छनोटका लागि पेश गरेको छु ।

१. दर्तावाल कृषक/कृषि समुह/फर्मको नामः

२. परियोजना स्थलको ठेगानाः ३. परियोजनाको क्षेत्रफलः

४. जग्गाको स्वामित्व क.आफ्नो हो/होइनः

ख. लिज/ठेक्कामा लिइएको भए कति अवधिका लागि लिइएको हो बाँकी अवधि खुलाउनेः

५. मत्स्य पालन व्यवसाय सम्बन्धी तालिम लिएको भए– क. तालिमको अवधिः ख. तालिम प्रदान गर्ने संस्थाः

६. पोखरी सम्बन्धी विवरणः क. पोखरीको किसिमः ख. संख्याः

ग. जलाशय क्षेत्रफलः घ. वार्षिक उत्पादनः

७. अन्य सुविधा विकास सम्बन्धी विवरणः

क. बंगुर/हाँस/कुखुरा/गाइबस्तु/बाख्राको खोर/गोठको विवरण अ. संख्या आ.उत्पादन क्षमताः

ख. कार्यालय भवन, दानाघर, स्टोर आदिको विवरण अ. संख्या आ. क्षमताः

ग. महाजाल भए/नभएको, भएको भए कतिवटा छन्ः

घ. एरिएटर मेशिन भए/नभएको, भएको भए कतिवटा छन्ः

ङ पेलेट दाना मेशिन भए/नभएको, भएको भए कतिवटा छन्ः

च. बोरिङ्ग, पम्पसेट, मोटरको व्यवस्था भए/नभएको, भएको भए कतिवटा छन्

छ. पि.एच.मिटर भए/नभएको, भएको भए कतिवटा छन्ः

ज. माछा भुरा आफैं उत्पादन गर्ने गरेको वा अन्यत्रबाट ढुवानी गर्ने गरेको

झ. माछा प्राविधिकबाट नियमित अनुगमनको व्यवस्था गर्ने गरेको वा नगरेकोः

ञ. माछाको लागि चाहिने दानाको व्यवस्थापन कसरी गर्ने गरिएकोः

ट. माछा पालनका लागि कुनै संघसंस्थाबाट ऋण लिए/नलिएको, लिएको भए कति लिएकोः

ठ. आगामी कति अवधिसम्म यो व्यवसाय सञ्चालन गर्ने सोच रहेकोः

८. मत्स्य पालन व्यवसायका लागि पुराना कृषकलाई वितरण गरिने अनुदानमा सामाग्रीको लागत अनुमानको बढीमा कार्यक्रम अनुसारको खर्चमात्र नगरपालिकाले व्योहोर्ने र यसरी नगरपालिकाद्धारा वितरण गरिने अनुदानमा बढी लागत सहभागिता व्योहोर्ने कृषकलाई पहिलो प्राथमिकतामा राखी सामाग्री अनुदान उपलब्ध गराइने भएकाले लागत अनुमानको कम्तीमा कति प्रतिशतसम्म खर्च व्योहोर्न सक्नुहुन्छ ? प्रतिशतमा उल्लेख गर्नुहोस् ।

९. माछा पालन व्यवसायसँग नयाँ सोच केही भए छोटकरीमा अलग्गै पानामा उल्लेख गर्नुहोस् ।

यस फाराममा भरिएका सबै विवरण सही छन् । झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

म/हाम्रो समुह/फर्म माछापालन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम अनुदानका लागि छनोट भएमा कार्यविधिमा उल्लिखित प्रावधानको अक्षरशः पालना गर्नेछु भनी सहीछाप गर्ने–

कृषक/दर्तावाल कृषि समुह/कृषि फर्मको नाम, थरः ठेगानाः

मितिः

हस्ताक्षरः

संलग्न गर्नुपर्ने कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. जग्गाधनी प्रमाण पुर्जा वा लिज/ठेक्का भए कम्तीमा ५ वर्षसम्म लिज÷ठेक्का लिएको आधिकारिक करार पत्र र करार पत्र दिने व्यक्तिको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी,

३. कम्तीमा ५ वर्षसम्म व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता पत्र,

४. नगरपालिकालाई तिर्नु वा बुझाउनु पर्ने सम्पूर्ण करचुक्ताको प्रमाण,

५. सम्बन्धित वडाको सिफारिश,

६. कार्यालयले आवश्यक ठानेका अन्य कुराहरु ।

## अनुसूची – ३

## माछापालन अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७६ को अवधारणाको संक्षिप्त कार्ययोजना

उद्यमी/समुहको नामः सम्पर्क नम्बर .......................

ठेगाना........................... गाँउ÷टोल ........................... वडा नं. .................. न.पा. ....................

जिल्ला ...........................

सन्चालन गर्न खोजेको ............................ सम्बन्धी व्यवसाय र स्थान .......................................

सहयोग स्वरुप माग गरेको अनुदान रकम .......................................

आफ्नो लगानी ...................

व्यवसायबाट उत्पादन हुने बस्तु....................

उत्पादित वस्तुको परिमाण ....................

बजारयोग्य परिमाण ...............................

व्यवसायले वातावरणमा नकरात्मक प्रभाव पार्छ/ पार्दैन ।

व्यवसाय सन्चालन गरिने स्थान .............

सन्चालन गरिने कार्यविवरण

| क्र.स. | सन्चालन गरिने क्रियाकलाप | माग गरिएको अनुदान सहयोग रु. | निजी लगानी रु. | जम्मा लगानी रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

विगत कति वर्षदेखि ............................... निरन्तर गरि रहेको ............ वर्ष ........... महिना ............

व्यवसायको लागि श्रमको व्यवस्थापन

क) पारिवारिकः

ख) बाहिरबाटः

ग) दुवैतर्फबाटः

निवेदकको

नामः

संस्थाको छापः

पदः

दस्तखतः

मितिः

## अनुसूची – ४

## माछापालन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ कार्यक्रम सन्चालनका लागि गरिएको सम्झौता पत्र

कावासोती नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका कृषक, समुह वा सहकारी (यसपछि दोश्रो पक्ष) भनिने विच तपशिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सन्चालनका लागि कार्ययोजना अनुसार बढिमा तिन वा एकै पटक कार्यविधि अनुसार सामाग्री वा नगदर चेक अनुदान स्वरुप तेस्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ।

२. दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्रविधि प्राप्त गरेपछि आफुले आवेदन गरे अनुसारको व्यवसाय सन्चालन गर्नुपर्नेछ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सन्चालन गरे नगरेको अनुगमन गर्नेछ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउने सक्ने कुनै पनि प्राकृतिक प्रकोपर भवितब्यको पुर्ण जिम्बेवारी दोस्रो पक्षको हुनेछ।

५. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

| **रोहवर** | **रोहवर** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

इति सम्बत् ................ साल ................. महिना ............. गते रोज ............. शुभम् ।

## अनुसूची – ५

## माछापालन अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७६ को प्रस्ताव मुल्याङ्कन फारम

| क्र.स. | द.न. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूणाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसायप्रतिको अनुभव/ तालिम (३०) | पेश गरेको कार्ययोजना (२०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता/ उपयुक्तता (३५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरु

| क्र.स. | नाम, थर | पद | दस्तखत | मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |